- **Pakyong Programme**

निर्वाचन आयोगद्वारा जारी दिशानिर्देशअनुरूप जिल्ला निर्वाचन प्राधिकरण, पाकिमले आज व्यवस्थित मतदाता शिक्षा तथा चुनावी सहभागिताअन्तर्गत हाट नाटक नामक जनजागरूकता नाटकको आयोजना गर्‍यो। चुनाउ विभागको निर्देशमा भएको कार्यक्रमको मुख्य उद्देश्य आम चुनाउ 2024-बारे मानिसहरूमा सचेतना फैलाउनु हो।

विभिन्न समष्टिका बुथ स्तरीय अधिकारीहरूको पहलमा पाकिम हाट बजारमा पाकिम शिक्षित बेरोजगार सचेत नारीहरूद्वारा प्रस्तुत गरेको कार्यक्रममा यस वरपरका विद्यालयका शिक्षक-शिक्षिका तथा चुनाउसित सम्बन्धित ड्युटीमा खटिएका सरकारी कर्मचारीहरू सहभागी बने।

--------------------------------------X--------------------------------------

- **Meeting with BLOs**

पाकिम जिल्लाका जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारी श्री टाशी छोपेलले सबै पाँचवटा समष्टिका बुथ स्तरीय अधिकारीहरूसित बैठक गर्नुभयो। सभामा बुथ स्तरीय अधिकारीहरूलाई सुम्पिएका विभिन्न चुनाउसित सम्बन्धित कार्यको बारेमा चर्चा भयो।

--------------------------------------X--------------------------------------

- **EC Advertisement**

निर्वाचन आयोगको निर्देशअनुसार कुनै पनि राजनीतिक दल, उम्मेदवार, संगठन वा व्यक्ति विशेषले मतदानको दिन अथवा यसभन्दा एक दिनअघि राजनीतिक विज्ञापनका सामग्रीहरू प्रिन्ट मिडियामा प्रकाशित गर्न पाउनेछैनन्। यसका निम्ति उनीहरूले मिडिया प्रमाणिकरण तथा निगरानी समिति (MCMC)-बाट अघावै प्रमाणित गरेको हुनुपर्छ। यसको जानकारी सिक्किमको मुख्य निर्वाचन अधिकारी कार्यालयले एउटा प्रेस विज्ञप्ति जारी गर्दै दिएको छ।

हिजो जारी विज्ञप्तिमा भनिएको छ, यो राज्यमा रहेको प्रिन्ट मिडियामा प्रकाशित हुने राजनीतिक विज्ञापनका निम्ति लागू हुनेछ र आवेदकहरूले विज्ञापन प्रकाशनको प्रस्तावित मितिभन्दा दुई दिन अगावै मिडिया प्रमाणीकरण तथा निगरानी समितिमा निवेदन गर्नुपर्नेछ।

--------------------------------------X--------------------------------------

- **EO with VVT**

आम चुनाउ 2024-का निम्ति मंगन जिल्लाका खर्च पर्यवेक्षक श्री सौरभ रस्कारले जिल्ला नियन्त्रण केन्द्रमा भिडियो अवलोकन टोली (VVT)-सित भेट गर्दै चालु कार्यको समीक्षा गर्नुभयो।

पर्यवेक्षकले यस जिल्लाका तीनवटा समष्टि काबी-लुङचोक, जङ्गु र लाचेन मंगनका VVT-हरूसित भेट गर्दै उनीहरूले राखेको रिपोर्टको समीक्षा गर्नुभयो। उहाँले टोलीलाई चुनाउ प्रक्रियाको मिति र विवरणको सम्बन्धमा उम्मेदवारहरूसित स्पष्ट सम्पर्क राख्नुपर्छ भन्दै टोलीको कार्यको सराहना गर्नुभयो र सबैलाई लगनशीलताका साथ काम गर्न प्रोत्साहित गर्नुभयो।

--------------------------------------X--------------------------------------

- **Final Briefing Session**

मंगन जिल्लाको Electronic Voting Machine (EVM) कार्य टोलीका निम्ति अन्तिम परामर्श सत्र आज पेन्टोकस्थित जिल्ला प्रशासनिक केन्द्रको निर्वाचन सम्मेलन कक्षमा सम्पन्न भयो। यसको मुख्य उद्देश्य टोलीलाई सामग्री, EVM र सञ्चालनको प्रक्रियाबारे परिचित गराउनु थियो।

जिल्ला निर्वाचन अधिकारी श्री हेमकुमार छेत्रीले चुनाउ सम्बन्धी कार्यमा संलग्न अधिकारी र सबैको दक्षताको महत्त्वमाथि प्रकाश पार्नुभयो।

जिल्ला स्तरीय प्रमुख प्रशिक्षक श्री पाल्देन लाचुङपाले नेतृत्व गर्नुभएको सत्रमा प्रशिक्षणार्थीहरूलाई EVM-को कल-पूरजा र सामग्री प्रबन्धनको चरणबद्ध प्रक्रियाबारे जानकारी गराइयो।

अवगत गराइन्छ, यस जिल्लाका निम्ति EVM-को सञ्चालन प्रक्रिया आगामी पाँच अप्रेलमा काबी-लुङचोक र लाचेन मंगन समष्टिका निम्ति, छह अप्रेलमा जङ्गु र संघ अनि सात अप्रेलमा तीनैवटा क्षेत्रको संसदीय समष्टिका निम्ति सम्पन्न हुनेछ।

--------------------------------------X--------------------------------------

- **Election Campaign**

सिक्किम विधानसभा र लोकसभाको पहिलो चरणको मतदानको मिति जति-जति नजिक आउँदैछ चुनाउ प्रचार अभियान पनि तीब्र भइरहेछ। चुनाउ अभियानमार्फत विभिन्न पार्टी र उम्मेदवारहरू मतदाताहरूलाई आफ्नो पक्षमा ल्याउन कोशिस गरिरहेछन्।

यसैक्रममा आज पाकिम जिल्लाको नाथाङ-माचोङबाट सत्तारूण सिक्किम क्रान्तिकारी मोर्चाकी उम्मेदवार श्रीमती पामिन लेप्चाले ग्राम पञ्चायत एकाई स्तरबाट आफ्नो चुनाउ प्रचार अभियानको शुरूवात गर्नुभयो। आफ्ना समर्थकका साथ लाटुक छोचेन फेरी GPU-मा पुगेर मानिसहरूसित अन्तरक्रिया गर्दै उहाँले आफू विजयी भएको खण्डमा पर्यटन क्षेत्रमा ध्यान केन्द्रित गर्ने बताउनुभयो, ताकि मानिसहरूको जीवनस्तरमा सुधार हुनका साथै स्वनिर्भर बन्न सकुन।

क्षेत्र विधायक तथा गेजिङ-बर्मेक समष्टिका एसकेएम उम्मेदवार श्री लोकनाथ शर्माले आज मार्ताम ग्राम पञ्चायतका विभिन्न वार्डमा चुनावी प्रचार अभियानको क्रममा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको नेतृत्वमा विगत पाँच वर्षमा भएको सामाजिक-आर्थिक विकासलाई हेरेर पार्टीलाई पुनः सत्तामा पुऱ्याउन आवश्यक रहने बताउनुभयो। उहाँले पाँच वर्षमा क्षेत्र लगायत समग्र राज्यमा भएको विकास र विभिन्न योजनाको बारेमा पनि अवगत गराउनुभयो।

चुनावी प्रचार अभियानको क्रममा सिक्किम प्रजातान्त्रिक मोर्चा अध्यक्ष एवं पूर्व मुख्यमन्त्री श्री पवन चामलिङले एसडीएफ-को सरकार आएपछि योक्समा फुन्सोक नामग्याल विश्व इतिहास केन्द्र बनाउनेछौं भन्दै सिक्किमको इतिहास योक्समबाट शुरू हुने बताउनुभयो। उहाँले गेजिङ जिल्लाको योक्सम हेलिप्याडमा चुनावी जनसभामा योक्सम-टाशीडिङका जनतालाई सम्बोधन गर्दै यहाँ सिक्किमका बाह्रैजना राजाको मूर्ति बनाउने घोषणा गर्नुभयो।

श्री चामलिङले पार्टीका महत्त्वपूर्ण कार्यक्रम र योजनामाथि प्रकाश पार्दै सोरेङलाई सांस्कृतिक एवं प्राकृतिक पर्यटन केन्द्रको रूपमा अनि गेजिङलाई इतिहास अनि धरोहर पर्यटन केन्द्रको रूपमा विश्वमा ब्राण्डिङ गर्ने बताउनुभयो। उहाँले गेजिङ-बर्मेकमा अन्तरराष्ट्रिय नेपाली इतिहास एवं धरोहर केन्द्र, याङथाङमा थुङ्बा मुङ्गा लिम्बू अन्तरराष्ट्रिय इतिहास एवं संस्कृति केन्द्र, रिञ्चेबुङमा त्रिरत्न मूर्ति बनाएर त्रिरत्न उद्यान स्थापित गर्ने घोषणा पनि गर्नुभयो।

--------------------------------------X--------------------------------------